३८. गाउपालिकाका सम्पूर्ण मठ, मन्दीर, चर्च र प्राकृतिक सांस्कृतिक सम्पदाको पहिचानलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा ब्यापक प्रचार प्रसार गरी पर्यटकीयक्षेत्रका रुपमा विकास गर्नुका साथै स्थानीय लोक संस्कृति जगर्ना गर्न उपाध्यक्ष संरक्षण कार्यक्रम संचालन गरिनेछ ।

३९. पालिका अन्तर्गत संचालनमा रहेका संपूर्ण बजारलाई ब्यबस्थित गरिनेछ।

४०. प्रत्येक घरमा एक घर एक धारा एक घर एक शौचालय कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४१. सुत्केरी महिलालाई उपाध्यक्ष कोसेली कार्यक्रम संचालन निरन्तरता दिईनेछ ।

४२. फलफुल नर्शरी धनिका लागी बेर्ना उत्पादन प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

४३. विभिन्न क्षेत्रमा उल्लेखनिय कार्य गर्ने ब्यक्तीहरुलाई पुरस्कृत गर्नकालागी अक्षयकोष स्थापना गरिनेछ।

४४. हिमा गाउँपालिकाबाट लोक सेवा आयोग मार्फत अधिकृत वा सो भन्दा माथिका पद धारण गर्ने विशिष्ट ब्यक्तीहरुलाई सम्मान गरिनेछ।

४५. हिमा गाउँपालिकाका सम्पूर्ण बुद्धिजिवी, शिक्षक, कर्मचारी र राजनितिक प्रबुद्ध ब्यक्तिहरुसंग विभिन्न विषयहरुमा राय, सल्लाह, सुझाव लिने कार्यलाई निरन्तरता दिईनेछ।

४६. गरिव तथा जेहेन्दार विद्यार्थिहरुलाई उच्च शिक्षा अध्ययनका लागी छात्रबृति कार्यक्रम संचालन गरिनेछ।

४७. शिक्षा नीति पारित भईसकेकाले उक्त नीति कार्यान्वयनमा ल्याईनेछ।

४८. पालिका स्तरमा भवन निर्माण ईजाजत तथा घर नक्सापास मापदण्डको परामर्श लिन, पञ्च वर्षिय आवधिक योजना पि.डि.पि. तयार गर्न र आन्तरिक राजश्व (नदिजन्य पदार्थ) संकलन तथा विक्रि वितरणको विवरण तयार गर्न डि.पि.आर. आई.ई.ई. र ई. आई .ए. रिपोर्ट तयार गरी आन्तरिक राजश्व संकलन वृद्धि गर्ने नीति अवलम्वन गरिने छ ।

४९. यस गाउपालिका क्षेत्रभित्र संचालन हुने योजनाहरुको दिगोपनाका लागी मर्मत सम्भार कोष स्थापना गरि कार्यान्वयनमा ल्याइने छ ।

५०. विर्धाथी संख्याका आधारमा दरवन्दी मिलान, प्र.अ.मिलान तथा विद्यालय समायोजनका लागी मिलान कार्य गरिनेछ।

५१. लोक देउडा, लोक संस्कृति, परम्परागत सस्कृति जगेर्ना गर्न सास्कृतिक महोत्सवको आयोजना गरिनेछ। प्रत्येक छ/छ महिनामा पालिका स्तरीय तथा अन्तरपालिका स्तरीय खेलकुद गतिविधि संचालन गरिनेछ।

५२. निशुल्क स्वास्थ विमा कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

५३. कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै सिंचाईकुलो निर्माण तथा मर्मत कार्य संचालन गरिनेछ।

५४. स्थानिय पाठ्यक्रममा आधारीत पाठ्यपुस्तक तयार गरी आधारभुत तहमा पठन पाठन प्रक्रयामा ल्याईनेछ।

५५. ५० वर्ष देखि ५९ बर्ष सम्मका एकल पुरुषका लागी विदुर भत्ता उपलब्ध गराई सामाजिक सुरक्षाको प्रत्याभुति दिईने छ।

५६. विद्यार्थिसंग अध्यक्ष कार्यक्रम मार्फत विभिन्न शैक्षिक सुधारका कार्यक्रम संचालन गरिनेछ।

५७. हिमा गाउँपालिकामा कार्यरत भौतिक पूर्वाधार तथा वातावरण ब्यबस्थापन शाखामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई फिल्ड भत्ताको ब्यबस्था गरिनेछ।

५८. मर्मत संभार कोषको स्थापना गरी संचालन गरिनेछ।

५९. संघ र प्रदेशवाट प्राप्त योजनाहरु बोलपत्र मार्फत कार्यरत गरिने छ।

६०. गैह सरकारी संस्था तथा दातृनिकायहरुलाई एकद्धार प्रणाली मार्फत संचालन गर्न NGO Desk गठन गरी कार्यान्वयनमा ल्याईनेछ ।

६१. २०७९ साल असोज १९ गते देखि २५ गते सम्मको अविरल वर्षाका कारण क्षेतिग्रस्त वडा नं.१ र ३ को खेतियोग्य जमिनलाई बचाउन नदि नियन्त्रको योजना लागु गरिनेछ।

६२. पढाई मेला कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६३. पालिका भित्र सार्वजनिक वस सेवा संचालन गरिनेछ।

**उपस्थित महानुभावहरु,**

अब म चालु आ.व. ०७८/०७९ र ०७९।०८० को असार ९ गते सम्मको यथार्थ खर्च र ०८०।०८१, ०८१।०८२ र ०८२।०८३ को आय व्ययको अनुमान यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

गत आ.ब. र चालु आ.ब.को हाल सम्मको यथार्थ खर्च, आ.ब. ०८०।०८१, ०८१।०८२ र ०८२।०८३ लागी प्रस्तावित बजेटको विवरण यस प्रकार छ ।

रु. हजारमा

| क.सं. | बजेटका श्रोतहरु | आ.व.०७८।०७९ को यथार्थ | आ.ब.०७९।०८० को असार ९ गते सम्मको यथार्थ | आगामी तिन आ.ब.को प्रक्षेपण | | | तिन आ.ब.को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | ०८०।०८१ | ०८१।०८२ | ०८२।०८३ | |
| १ | संघीय सरकार वित्तिय समानिकरण | ७६१०४ | ६००४९ | ८३५०० | ९०००० | ९५००० | ४०४६५३ |
| २ | संघीय सरकार सशर्त अनुदान | १७२९२६ | १०२३८६ | १९८६०० | १९९००० | १९९००० | ८७१९१२ |
| ३ | संघीय सरकार राजश्व बाँडफाँड | ४१०१५ | ४६३१० | ६६०८७ | ६६०९० | ६६०९० | २८५५९२ |
| ४ | संघीय सरकार विशेष अनुदान | ५५६८ | ८८० | १०००० | १५००० | १५००० | ४६४४८ |
| ५ | संघीय सरकार समपुरक अनुदान | ०० | ६९९ | ५००० | ५०५० | ५०५० | १५७९९ |
| ६ | प्रदेश सरकार वित्तिय समानिकरण | ८६८३ | ४३६७ | ९१४६ | ९१५० | ९१५० | ४०४९६ |
| ७ | प्रदेश सरकार सशर्त अनुदान | ५९२३ | १५४४८ | २३९१५ | २३९२० | २३९२० | ९३१२६ |
| ८ | प्रदेश सरकार राजश्व बाँडफाँड | ३०० | ०० | ०० | ५०० | ५०० | १३०० |
| ९ | प्रदेश सरकार विशेष अनुदान | ३४९४ | १६५० | २००० | २५०० | २५०० | १२१४४ |
| १० | प्रदेश सरकार समपुरक अनुदान | १६९० | ८१८ | ०० | १५०० | १५०० | ५५०८ |
| ११ | गाउँपालिकाको आन्तरीक राजश्व | १३२४ | १३९६ | १५०० | १५५० | १५५० | ७३२० |
| १२ | आन्तरिक श्रोत | ५१७१२ | ३४०७६ | ०० | १०५० | १०५० | ८७८८८ |
| | जम्मा | ३६८७४४ | २६८०८४ | ३९९७४८ | ४१५३१० | ४२०३१० | १८७२१९६ |

आगामी दिनमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका बाट हस्तान्तरण भई आउने कार्यक्रमहरु, प्रदेश सरकार एवं अन्य विषयगत मन्त्रालयहरुबाट हस्तान्तरण भई आउने कार्यक्रमहरु

